मिति २०८२/०२/१४ गते यस बारपाक सुलिकोट गाउँपालिकाको अध्यक्ष श्री विष्णु प्रसाद भट्ट ज्यू अध्यक्षतामा उपाध्यक्ष, वडाध्यक्ष लगायत अन्य कार्यपालिकाका सदस्यहरु समेतको उपस्थितिमा कार्यपालिका वैठक बसी तपशिल बमोजिम छलफल तथा निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.सं. | नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विष्णु प्रसाद भट्ट | अध्यक्ष | बारपाक सुलिकोट-५ | |
| २ | सन माया गुरुङ | उपाध्यक्ष | बारपाक सुलिकोट-३ | |
| ३ | धन बहादुर घले | वडा अध्यक्ष | बारपाक सुलिकोट-१ | |
| ४ | पूर्णबहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-२ | |
| ५ | बल बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-३ | |
| ६ | भिम बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-४ | |
| ७ | शिब बहादुर खड्का | वडा अध्यक्ष | बारपाक सुलिकोट-५ | |
| ८ | बावुलाल गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-६ | |
| ९ | कृष्ण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-७ | |
| १० | शरण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-८ | |
| ११ | राजु सुनार | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-१ | |
| १२ | आशिका गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-२ | |
| १३ | जानुका देवी पनेरु | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-४ | |
| १४ | सन्त कुमारी बराम | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-५ | |
| १५ | शुभप्रभात नेपाली | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-६ | |
| १६ | मायादेवी गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-७ | |
| १७ | श्री सुवास आले | सदस्य सचिव | बा.सु.गा.पा.का. | |
| १८ | श्री ईश्वरी प्रसाद पनेरु | प्रशासकीय अधिकृत | बा.सु.गा.पा.का. | |
| १९ | श्री गंगा बहादुर घले | स.ले.अ. | बा.सु.गा.पा.का. | |
| २० | श्री सन्देशराज पौडेल | सू.प्र.अ. | बा.सु.गा.पा.का. | |
| २१. | तेजमाया गुरुङ | स.क.अ | बा.सु.गा.पा.का. | |

**प्रस्तावहरु:**

१. समीक्षा सम्बन्धमा ।

२. पोषणमैत्री गाउँपालिका कार्यक्रम सम्बन्धमा ।

३. मुख्यमन्त्री नव प्रवर्धन साझेदारी कार्यक्रम सम्बन्धमा ।

४. आ.व. २०८२/०८३ को लागि वडागत बजेट सिलिङ निर्धारण सम्बन्धमा ।

५. जनप्रतिनिधिहरुको अभिमुखिकरण सम्बन्धमा ।

६. बजेट तथा कार्यक्रमको प्राथमिकता क्षेत्र निर्धारण सम्बन्धमा ।

७. फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८२ सम्बन्धमा ।

८. होमस्टे सञ्चालन कार्यविधि २०८२ सम्बन्धमा ।

९. उत्कृष्ट कर्मचारी छनौट मापदण्ड, २०८२ सम्बन्धमा ।

१०. विविध ।

**निर्णयहरु:**

**निर्णय नं. १)** आ.व २०८१/०८२ मा हाल सम्मको योजनाहरुको प्रगति लगायत अन्य समसामयिक विभिन्न विषयमा वडागत समीक्षा गरियो र उपाध्यक्ष मार्फत हालसम्मको योजनाको निरीक्षण र प्रगतिको बारेमा समेत कार्यपालिकालाई जानकारी गराइयो ।

**निर्णय नं. २)** आ.व २०८१/०८२ को (ब.उ.शि.नं.३६५००१०६) विशेष अनुदान अन्तर्गतको **पोषण मैत्री गाउँपालिका कार्यक्रम**को हालसम्मको प्रगति र कार्यतालिकाको विषयमा समीक्षा गरियो |

**निर्णय नं. ३)** आ.व २०८१/०८२ को मुख्य मन्त्री नव-प्रवर्धन साझेदारी कार्यक्रम अन्तर्गतको **ओखर खेती प्रवर्धन कार्यक्रम**को हालसम्मको प्रगति बारेमा समीक्षा गरियो |

**निर्णय नं. ४)** श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस बमोजिम वडागत रुपमा तपशिल बमोजिमको बजेट सीमा निर्धारण गर्ने निर्णय गरियो |

| वडा | बजेट सीमा | कैफियत |
|---|---|---|
| वडा नं. १ | ४२७० | |
| वडा नं. २ | ५२८० | |
| वडा नं. ३ | ५१५० | |
| वडा नं. ४ | ६४५० | |
| वडा नं. ५ | ४९०० | |

| | | |
|---|---|---|
| वडा नं. ६ | ६०५० | |
| वडा नं. ७ | ५००० | |
| वडा नं. ८ | ५००० | |

**निर्णय नं. ५)** यस बारपाक सुलिकोट गाउँपालिकाका ८ वटै वडाका जनप्रतिनिधिहरुको लागि "स्थानीय तहमा बजेट निर्माण सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम" यहि मिति २०८२/०२/२१ गते सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६)** स्थानीय तहको विकास उद्देश्यलाई सघाउ पुऱ्याउने गरी, उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग गर्दै, तपशिल बमोजिमका क्षेत्रलाई प्राथमिकता दिने गरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्राथमिकता क्षेत्र निर्धारण गरिने निर्णय गरियो ।

**सडक पूर्वाधारतर्फ**

- संघीय एवं प्रादेशिक सरकारसँग समेत समन्वय तथा सहकार्य गरि सबै वडा कार्यालय र स्वास्थ्य संस्था जोड्ने मुख्य सडकहरु कालोपत्रे वा ढलान गर्ने
- सबै वडाका मुख्य सडकहरुलाई बाह्रै महिना चल्न सक्ने गरि स्तरोन्नति गर्ने
- संघीय एवं प्रादेशिक सरकारसँग समेत समन्वय तथा सहकार्य गरि हुँडिफाँटमा पुल तथा कल्भर्ट निर्माण गर्ने
- घ्याम्पेसाल- ताकुकोट- स्वाँरा- पोखरी- बारपाक सडक स्तरोन्नति गरि बाह्रै महिना यातायातका साधन चल्न सक्ने बनाई सार्वजनिक यातायात सञ्चालन गर्ने

**शिक्षातर्फ**

- अभिभावकविहीन बालबालिकाको लागि छात्रावास सञ्चालनको निरन्तरता
- MBBS, प्राविधिक शिक्षा र विपन्न विद्यार्थीलाई छात्रवृत्ति कार्यक्रमको दायरा विस्तार
- बराम र दलित समुदायका स्नातक र स्नातकोत्तर तहका विधार्थीलाई विशेष छात्रवृत्ति
- विज्ञान र गणित विषय अंग्रेजी माध्यममा अध्यापन
- अभिभावक शिक्षा कार्यक्रम
- प्रविधिमैत्री र बालमैत्री शिक्षा कार्यक्रम

**स्वास्थ्यतर्फ**

- १५ शैय्याको आधारभूत अस्पताल आ.व.२०८२/०८३ भित्रै सञ्चालनमा ल्याईने
- प्रत्येक महिना निःशुल्क विशेषज्ञ स्वास्थ्य सेवा
- घुम्ती स्वास्थ्य शिविरमार्फत विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच विस्तार
- विपन्न नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवा र उपचारमा सहयोग

- घरमा डेलिभरी हुने अवस्थालाई शून्य बनाईने
- विपन्न नागरिकको निःशुल्क स्वास्थ्य वीमाको निरन्तरता

**खानेपानी तथा सरसफाईतर्फ**

- एक घर एक धारा कार्यक्रमको निरन्तरता
- खानेपानीको शुद्धता मापन गरि पानीको मुहान संरक्षण र शुद्धिकरणमा विशेष कार्यक्रम सञ्चालन
- बारपाक ढल निकासको कार्यलाई तीव्रता
- शौचालय विहीन विपन्न घरपरिवारलाई शौचालय निर्माणमा अनुदान
- सार्वजनिक महत्वका क्षेत्रमा सार्वजनिक शौचालय निर्माण
- सबै वडामा फोहोरलाई वर्गीकरण गरि उचित व्यवस्थापन गरिने

**कृषि तथा पशुपन्छी विकासतर्फ**

- बाँझो रहेको जमिनलाई चक्लाबन्दी गरि बहुवर्षीय बालि विस्तार गरिने (जस्तैः कागतेखर्कमा ओखर, बारपाकमा किवि, स्वाँरामा सुन्तला खेती लगायत)
- व्यवसायिक र नगदेबाली प्रवर्द्धन
- कृषि तथा पशुपन्छी व्यवसायमा ब्याज अनुदानमा कर्जा प्रवाहको विस्तार
- हुँडिफानिर्माणाधीन कोल्ड स्टोर आगामी वर्षबाट सञ्चालनमा ल्याइने
- सुलिकोट बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेडसँगको सहकार्यमा सञ्चालित कृषि एम्बुलेन्सलाई थप व्यवस्थित गरिने
- उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रमको परिमार्जनसहित निरन्तरता
- बाख्रा प्रवर्द्धन कार्यक्रम थप विस्तार गर्ने

**आर्थिक विकासतर्फ**

- परम्परागत सीप र प्रविधिको प्रवर्द्धन तथा व्यवसायीकरण
- नवीन प्रविधि हस्तान्तरण र व्यवसायिक समूहलाई अनुदान
- स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्यम प्रवर्द्धन
- व्यवसायिक कर्जामा व्याज अनुदान
- नयाँ व्यवसायीलाई वीउ पूँजी

**पर्यटन पूर्वाधारतर्फ**

- दिल बहादुर रम्तेल पार्क तथा जनयुद्ध संग्रहालयलाई जनयुद्ध अध्ययन केन्द्र, अन्य समयकालक्रम र राजनीतिक आन्दोलनमा शहादत प्राप्त गर्ने शहीदहरुको समेत स्तम्भ तथा पिकनिक स्पटका रुपमा विस्तार गर्ने
- बारपाकमा निर्माणाधीन भूकम्प स्मृति पार्क र संग्रहालयलाई भूकम्प अध्ययन केन्द्रका रुपमा विकास गरि पर्यटकीय हबको रुपमा विकास गर्ने
- बारपाकका अलावा सम्भाव्य ठाउँहरुमा होमस्टे प्रवर्द्धन गर्ने
- सुलिकोट, रुपाकोट र बजेनी ताल क्षेत्रलाई समेटेर हाईकिङ, जीपलाईन,स्काई वाक लगायतका सम्भाव्य साहसिक पर्यटन पूर्वाधारको विकास गर्ने
- घुन्चोक पोखरीलाई सिंचाई तथा पर्यटन पूर्वाधारका रुपमा विकास गर्ने
- सिता गुफालाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने

**भाषा, कला, साहित्य र संस्कृतितर्फ**

- लोपोन्मुख भाषा, कला, साहित्य र संस्कृतिको प्रवर्द्धन
- पुरातात्विक महत्वका ऐतिहासिक धार्मिक-सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन
- विभिन्न जातजातिका भाषा, धर्म, साहित्य,कला, संस्कृति र परम्पराको संरक्षण
- रुढीवादी परम्परा, मान्यता र अन्धविश्वास न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम

**निर्णय नं. ७)** "फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८२" स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८)** "होमस्टे सञ्चालन कार्यविधि २०८२" स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९)** "उत्कृष्ट कर्मचारी छनौट मापदण्ड, २०८२" स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०) विविध ।**

क) यस बारपाक सुलिकोट गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण विवरण तयार पार्दा छुट भएका कित्ता जग्गाहरु र वर्गीकरण हुनु पर्ने क्षेत्र भन्दा फरक क्षेत्रमा वर्गीकरण हुन गएका कित्ता जग्गाहरुको **भूउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१ को नियम ४१ को निवेदन तथा भूउपयोग नियमावली २०७९ को नियम १२ को उपनियम ४(घ)** अनुरुप सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम तपशिलका जग्गा धनीको कित्ता जग्गाको भू-उपयोग क्षेत्रको वर्गीकरण र त्रुटी संशोधन तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

***तपशिलः***

| क्र. सं. | जग्गाधनीको नामथर | हालको ठेगाना | साविक ठेगाना | | कित्ता नं. | क्षेत्रफल | छुट जग्गाको वर्गीकरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | गा.वि.स | वडा नं. | | | | |
| १ | नर बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ४ | ७६१ | २-७-०-० | कृषि क्षेत्र | |
| २ | विष्णु प्रसाद ढकाल | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | ७८६ | २-२-३-३ | कृषि क्षेत्र | |
| ३ | वेद प्रसाद वगाले | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | १२०३ | १-५-१-० | कृषि क्षेत्र | |
| ४ | अर्जुन प्रसाद लामिछाने | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | १२७३<br>१४४४ | १-०-०-०<br>०-६-०-० | कृषि क्षेत्र<br>व्यावसायीक क्षेत्र | |
| ५ | जसु माया श्रेष्ठ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | ७८४<br>७८५ | ३-७-२-३<br>१-८-२-१ | कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| ६ | पूर्ण बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३<br>३<br>३ | १३९७<br>१२९१<br>१३९९ | ०-६-०-०<br>०-०-३-०<br>१-२-२-१ | आवासीय क्षेत्र<br>आवासीय क्षेत्र<br>आवासीय क्षेत्र | |
| ७ | मिन बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ४ | १०६५ | ०-४-०-० | आवासीय क्षेत्र | |
| ८ | डोलनाथ ढकाल | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | ११४५<br>११४६ | १-०-०-०<br>४-८-३-० | कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| ९ | समान सिं वरामु | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | ६९० | १-८-१-० | कृषि क्षेत्र | |
| १० | चित्र बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ४ | ७२३<br>१८८ | ५-६-३-१<br>४-९-१-२ | कृषि क्षेत्र<br>कृषि क्षेत्र | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | कविराज सुर्खेती | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | २१३०<br>२१३४<br>२१४०<br>२१२९<br>२१३८ | १-११-१-१<br>१-८-०-०<br>३-४-२-०<br>०-७-०-०<br>०-८-०-२ | कृषि क्षेत्र<br>कृषि क्षेत्र<br>कृषि क्षेत्र<br>कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| १२ | सुक माया सुर्खेती | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | १३८ | ३-९-२-१ | कृषि क्षेत्र | |
| १३ | धन बहादुर वराम | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | ११७१ | १-८-०-२ | कृषि क्षेत्र | |
| १४ | छन बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | १३२<br>१४० | १-१५-३-२<br>१-२-२-३ | कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| १५ | मंगल बहादुर सुचिकार | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ४ | १३६६<br>१०५५ | ०-२-०-०<br>१-११-१-३ | आवासीय क्षेत्र<br>आवासीय क्षेत्र | |
| १६ | रामजी लामिछाने | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | १२६७ | ३-०-०-० | आवासीय क्षेत्र | |
| १७ | भैरव प्रसाद वगाले | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | ६११ | ३-१४-३-० | कृषि क्षेत्र | |
| १८ | टुक नारायण श्रेष्ठ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | १२५२ | ३-११-०-० | आवासीय क्षेत्र | |
| १९ | दुर्गा बहादुर घर्ती | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | २१२०<br>२१२२<br>२११३ | ०-७-०-१<br>२-९-०-०<br>०-१४-०-० | कृषि क्षेत्र<br>कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| २० | हिरालाल श्रेष्ठ | बा.सु.गा.पा.-८ | पन्द्रुङ<br>पन्द्रुङ | २<br>२ | ७८३<br>७८६ | ०-४-३-२<br>९-१-०-० | कृषि क्षेत्र<br>आवासीय क्षेत्र | |
| २१ | जस कौरी गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | ५०४ | ४-६-३-० | कृषि क्षेत्र | |
| २२ | छलिमाया पुडासैनी | बा.सु.गा.पा.-८ | पन्द्रुङ | १ | २५५<br>११२ | ५-१५-१-१<br>१०-८-२-१ | कृषि क्षेत्र<br>आवासीय क्षेत्र | |
| २३ | सुक बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ५ | १२४८ | ०-१२-०-० | कृषि क्षेत्र | |
| २४ | टेक बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ९ | १५० | १-१३-३-० | कृषि क्षेत्र(संशोधित) | वन क्षेत्र किताबमा भएको। |
| २५ | लक्ष्मी प्रसाद पनेरु | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ४ | ३४<br>६६० | १-९-२-२<br>२-११-१-२ | कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| २६ | टिकाराम भन्ताना | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | ५६४ | २-६-२-१ | कृषि क्षेत्र | |
| २७ | देउमाया गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ४ | ९५८ | ०-३-०-० | व्यावसायीक क्षेत्र | |
| २८ | निर बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | १ | ९७७ | १०-१-१-२ | कृषि क्षेत्र | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २९ | भिम कुमारी भट्ट | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | १३१४<br>१३०९ | १-५-२-२<br>१-१२-१-० | कृषि क्षेत्र<br>आवासीय क्षेत्र | साविक कित्ताबाट |
| ३० | गोकर्ण प्रसाद भट्ट | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | १३१३<br>१३०६<br>१३११<br>१३०८ | २-०-०-०<br>१-४-३-०<br>३-३-०-२<br>०-१४-२-० | कृषि क्षेत्र<br>कृषि क्षेत्र<br>कृषि क्षेत्र<br>आवासीय क्षेत्र | साविक कित्ताबाट |
| ३१ | ईश्वरी प्रसाद पनेरू | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ४ | ९६२<br>१३४२<br>१३३८<br>९६१ | १-०-०-०<br>०-७-०-०<br>१-८-०-०<br>२-०-०-० | कृषि क्षेत्र<br>कृषि क्षेत्र<br>कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| ३२ | नन्द लाल श्रेष्ठ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | १२४८ | १-०-०-० | कृषि क्षेत्र | |
| ३३ | टिका देवी पनेरु | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | १११९<br>११२०<br>१४४९ | ०-५-०-०<br>०-५-०-०<br>०-६-२-३ | कृषि क्षेत्र<br>कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| ३४ | ईश्वर बाबु श्रेष्ठ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ७ | ९५७ | ०-२-०-१ | आवासीय क्षेत्र | साविक कित्ताबाट |
| ३५ | मन बहादुर वराम | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | ४८ | १-१३-१-३ | कृषि क्षेत्र | |
| ३६ | नुइन्द्र प्रसाद देवकोटा | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | ६५<br>३०२ | ०-६-१-३<br>५-१०-१-० | कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| ३७ | कमल बहादुर घर्ती | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | २१२१<br>२१२५<br>२१२३ | ०-७-०-१<br>१-१२-१-१<br>२-८-१-१ | आवासीय क्षेत्र<br>कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| ३८ | छन माया गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | २०१८ | ०-५-०-० | आवासीय क्षेत्र | |
| ३९ | नितु वराम | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | १४८४ | ७-०-०-० | कृषि क्षेत्र | |
| ४० | तुल नारायण श्रेष्ठ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | १४५०<br>१४५३ | १-१५-०-०<br>५-१०-२-० | कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| ४१ | ससी माया गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | १ | ३५ | १-०-०-२ | कृषि क्षेत्र | |
| ४२ | प्रेम बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | ४६९ | ०-३-१-१ | कृषि क्षेत्र | |
| ४३ | धन बहादुर सुर्खेती | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | ६६५ | ३-१३-०-० | कृषि क्षेत्र(संशोधित) | वन क्षेत्र किताबमा भएको। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४४ | डण्डपानी पनेरु | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ४ | ४५<br>९८५<br>४६ | ०-११-२-०<br>०-१४-०-०<br>३-३-०-२ | कृषि क्षेत्र(संशोधित)<br>कृषि क्षेत्र<br>कृषि क्षेत्र | नदि तथा सिमसार क्षेत्र |
| ४५ | राम बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ४ | ८४<br>६१९ | २-३-१-३<br>३-०-१-३ | आवासीय क्षेत्र<br>कृषि क्षेत्र | |
| ४६ | तुलमाया गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ५ | ४४४ | ०-१२-३-० | कृषि क्षेत्र | |
| ४७ | बम बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ४ | ७५६ | २-८-१-० | कृषि क्षेत्र | |
| ४८ | धन माया गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | ३३६ | ४-९-१-३ | कृषि क्षेत्र | |
| ४९ | सान्ती गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | १ | २९२ | ३-८-१-१ | कृषि क्षेत्र (संशोधित) | वन क्षेत्र किताबमा भएको। |
| ५० | निर बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | १ | ५०५ | ५-८-०-२ | कृषि क्षेत्र | |
| ५१ | राम प्रसाद पुडासैनी | बा.सु.गा.पा.-८ | ताकुकोट | ५ | ७१३ | ३-७-०-१ | कृषि क्षेत्र | |
| ५२ | केशरी प्रसाद पुडासैनी | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | ९७६ | ४-६-२-३ | कृषि क्षेत्र | |
| ५३ | तोया नाथ पुडासैनी | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | ९७० | ५-१२-०-० | कृषि क्षेत्र | |
| ५४ | लिला राज अंगाई | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | १३३७ | ०-३-१-० | व्यावसायिक क्षेत्र | साविक कित्ताबाट |
| ५५ | बिवा गुरुङसेनी | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | २००५<br>२००७ | १-०-१-०<br>०-१०-१-० | कृषि क्षेत्र<br>कृषि क्षेत्र | साविक कित्ताबाट |
| ५६ | बेल बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | २००४<br>२००६ | १-०-०-०<br>१-११-०-० | कृषि क्षेत्र<br>कृषि क्षेत्र | साविक कित्ताबाट |
| ५७ | ज्ञान बहादुर बरामु | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | ६१२ | ०-५-३-१ | कृषि क्षेत्र | |
| ५८ | मन कुमारी गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | १५८<br>१६४ | २-७-१-१<br>३-१५-३-२ | कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| ५९ | मन बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | १०९९<br>२००१ | ६-७-०-०२-८-२-२ | कृषि क्षेत्रकृषि क्षेत्र | साविक कित्ताबाट |
| ६० | आइती गुरुङसेनी | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ५ | ५१४ | ०-६-०-२ | कृषि क्षेत्र | |
| ६१ | प्रेम बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | १६२ | ३-३-३-२ | कृषि क्षेत्र | |
| ६२ | माया गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | २०००<br>१५३ | २-९-०-०<br>१-१०-२-० | कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| ६३ | नैन बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २<br>५ | १०९८<br>१४६४ | ३-३-१-३<br>१-१-३-० | कृषि क्षेत्र<br>कृषि क्षेत्र | साविक कित्ताबाट |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६४ | पुर्ण बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | ९०९ | १-१३-१-२ | कृषि क्षेत्र | |
| ६५ | भरत बहादुर वराम | बा.सु.गा.पा.-८ | पन्द्रुङ | १ | ५४४ | ०-७-०-० | कृषि क्षेत्र | |
| ६६ | तिर्थ बहादुर गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ४ | १०७७ | ०-८-३-१ | आवासीय क्षेत्र | |
| ६७ | रेशम लाल श्रेष्ठ (साङ्कोसे) | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | १४५१<br>१४५२ | १-१४-२-२<br>५-१०-१-१ | कृषि क्षेत्र<br>कृषि क्षेत्र | |
| ६८ | नन्द कुमारी वगाले | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | १६२ | १-९-०-३ | कृषि क्षेत्र | |
| ६९ | भक्त बहादुर बरामु | बा.सु.गा.पा.-८ | पन्द्रुङ | ३ | १४४०<br>११६१<br>१४३६ | १-१-३-०<br>०-५-१-२<br>०-४-२-० | आवासीय क्षेत्र<br>आवासीय क्षेत्र<br>आवासीय क्षेत्र | |
| ७० | मन लाल गुरुङ | बा.सु.गा.पा.-८ | पन्द्रुङ | २ | ९९० | २-०-०-० | कृषि क्षेत्र | |
| ७१ | मधु बराम | बा.सु.गा.पा.-८ | पन्द्रुङ | १ | २४८ | ०-३-३-३ | आवासीय क्षेत्र | |

ख) यस बारपाक सुलिकोट गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण विवरण तयार गर्दा, हुनुपर्ने क्षेत्र भन्दा फरक क्षेत्रमा जग्गा वर्गीकरण भएकाले तपशिल बमोजिमका जग्गाहरुको भू-उपयोग क्षेत्र परिवर्तन गर्नका लागि **"भू-उपयोग ऐन, २०७६"** को दफा "८" को उपदफा "२" अनुरुप प्राप्त निवेदन तथा सम्बन्धित वडा कार्यालयको सिफारिस अनुरुप दफा "८" को उपदफा "३" बमोजिम प्रदेश भू उपयोग परिषदमा सिफारिस गरि पठाउने निर्णय गरियो।

***तपशिलः***

| क्र.सं. | जग्गा धनीको नाम | साविक ठेगाना | | कि.नं. | कायम रहेको भू-उपयोग क्षेत्र | हुनुपर्ने वर्गीकरण |
|---|---|---|---|---|---|---|
| | | गा.वि.स. | वडा नं. | | | |
| १ | बुद्धि बहादुर कामी | बारपाक | ४ | १००२ | व्यवसायिक क्षेत्र | कृषि |

ग) यस गाउँपालिकाको वडा नं ४ सौरपानी बस्ने वर्ष १६ को सिजल गुरुङको मिति २०८२ जेठ १ गते पौडी खेल्ने क्रममा दरौंदी नदीको कालिका हाईड्रो पावरको ड्याम क्षेत्र नजिक डुबेर मृत्यु भएकोमा मृतकको परिवारलाई कालिका हाईड्रोपावर, नवकान्तिपुर कन्स्ट्रक्सन प्रा. लि., अजिरकोट गाउँपालिका र बारपाक सुलिकोट गाउँपालिका प्रत्येकले २,२५,०००/- (अक्षेरेपी दुई लाख पच्चीस हजार रुपैयाँ) राहत उपलब्ध गराउने सहमति भएकोमा उक्त सहमति अनुमोदन गरी मृतकको परिवारलाई सहमतिबमोजिमको राहत रकम उपलब्ध गराउने निर्णय गरियो।

घ) दिल बहादुर रम्तेल स्मृति पार्कको नवनिर्मित पुस्तकालय भवनको तल्लो भागमा गत बर्षायामको पानीले पहिरो गई जोखिम बढाएकोले पहिरो नियन्त्रणका लागि ग्याविन वाल लगाउँदा भएको खर्च भएको रु. ४,००,०००/- (अक्षेरेपी चार लाख रुपैयाँ) अनुमोदन गरी मर्मत सम्भार कोषबाट भुक्तानी दिने निर्णय गरियो।

ङ) भुतेधारा खानेपानी तथा सरसफाई उपभोक्ता समितिले उपभोग गर्दै आएको लिफ्ट खानेपानीको मेसीनरी सामग्रीमा चट्याङ्ले क्षति पुर्याएकोले प्यानल बोर्ड खरिदका लागि रु. ९२, ६६०/- (अक्षेरेपी बयानब्बे हजार छ सय साठी रुपैयाँ) मर्मत सम्भार कोषबाट भुक्तानी दिने निर्णय गरियो।

च) श्री माईकोट माध्यामिक विद्यालयको २०८२ माघ १० र ११ मा सम्पन्न भएको वार्षिकोत्सव तथा अभिभावक दिवस समारोहमा भएको खर्च व्यवस्थापनका लागि रु. ३५,०००/- (अक्षेरेपी पैँतीस हजार रुपैयाँ) विविध खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

छ) वडा नं ६ मा अवस्थित गणेश मन्दिरको पूजाआजा कार्यमा भएको खर्च व्यवस्थापन गर्न रु. १,५०,०००/- (एक लाख पचास हजार रुपैयाँ) विविध खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

ज) गाउँपालिकाको वडा नं ३ स्थित स्वाँरा स्वास्थ्य चौकी भवन निर्माणको लागि आवश्यक जग्गा प्राप्ति गर्न मन्त्री परिषदबाट स्वीकृती प्राप्त भैसकेकोले जग्गा प्राप्तिको थप प्रक्रिया अघि बढाउन जग्गा प्राप्ति ऐन, २०३४ को दफा ५ बमोजिम यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सुवास आले ज्यूलाई प्रारम्भिक कारवाही चलाउने अधिकारी तोक्ने निर्णय गरियो|